# ECHO OF HIS CALL

# बोलावटको प्रतिध्वनि

NEPALI

India's National Spiritual Newspaper

₹ 10/-

REACHING NATIONS

Published monthly in ENGLISH, TAMIL, MALAYALAM, TELUGU, HINDI, KANNADA, MARATHI, BENGALI, GUJARATI, ODIYA, ASSAMESE, PUNJABI, NEPALI, URDU, SINHALA & AFRIKAN

Editor : S. SAM SELVA RAJ

16 Languages

Associate Editors : Bro. BHUVAN DEVKOTA
Bro. RAJ KUMAR BHANDARI

Vol. XXV | YEAR OF OUR LORD JESUS CHRIST, 2025 MARCH | No. 03




## पवित्र बाइबल

कृपया यो खण्ड कण्ठ गर्नुहोस्।

### भजनसंग्रह १९:१-९

१. आकासले परमेश्वरका महिमाको वर्णन गर्छ र तारा-मण्डलले उहाँका हातको सीपको घोषणा गर्छ।

२. हरेक दिन तिनीहरूले वार्तालाप गर्छन् र हरेक रात तिनीहरूले ज्ञानको प्रदर्शन गर्छन्।

३. कुनै बोली छैन, न भाषा छ, जहाँ तिनीहरूको सोर सुनिँदैन।

४. तिनीहरूको सोरले सारा पृथ्वी गुञ्जायमान छ तिनीहरूका शब्द पृथ्वीको सीमान्तसम्मै पुगेका छन्। उहाँले आकासमा सूर्यको निम्ति एउटा बासस्थान बनाउनुभएको छ।

५. रु विवाह-मण्डपबाट निस्केको दुलहाजस्तै छ एक जना विजेताझैं जो आफ्नो दौड दौडनमा हर्षित हुन्छ।

६. आकासको एक छेउमा उसको उदय हुन्छ र अर्को सीमासम्म परिक्रमा गर्छ। त्यसको तापबाट केही कुरा लुकेर रहँदैन।

७. परमप्रभुको व्यवस्था सिद्ध छ, प्राणलाई पुनर्जीवित गराउने। परमप्रभुका कानूनहरू विश्वसनीय छन्, निर्बोधलाई बुद्धिमान तुल्याउने।

८. परमप्रभुका नियमहरू ठीक छन्, हृदयलाई आनन्द गराउने। परमप्रभुका आज्ञाहरू उज्वल छन्, आँखालाई प्रकाश दिने।

९. परमप्रभुको भय स्वच्छ छ, अनन्तकालसम्मै स्थिर रहने। परमप्रभुका विधिहरू सच्चा छन्, ती सर्वथा धर्ममय छन्।

# यिशैको ठुटा

STUMP OF JESSE!



सम्माननीय प्रधानसम्पादक, रेभ. एन्जलीन सेल्भाकुमारी



हाम्रो प्रभु र मुक्तिदाता, येशू ख्रीष्टको अमूल्य नाउँमा मेरा प्यारा फैलिएका **बोलावटको प्रतिध्वनि** परिवारमा अभिवादन।

येशू ख्रीष्टको सेवकाइको बारेमा आफ्नो अगमवाणीको निम्ति परिचित यशैया ११ अध्याय मैले पढिरहेको थिएँ। तापनि, पहिलो पदले विशेष गरी मलाई तानेको मैले पाएकी थिएँ:

**यिशैको ठुटाबाट एउटा टुसा निस्कनेछ, त्यसका जराहरूबाट निस्केको हाँगाले फल फलाउनेछ** (यशैया ११:१)।

## ठुटा:

ठुटा भन्ने शब्दले मेरो ध्यान तानेको थियो। ठुटा भनेको वास्तवमा के हो? ठुटाले छोटो गरी काटिएको, एक पटक पहिले अस्तित्वमा भएको अनपेक्षित अन्त्य भएको जीवनलाई प्रतिनिधित्व गर्दछ। यसले घटेको, पहिले फलेको केही कुराको बाँकी रहेको कुरालाई इंगीत गर्दछ- जब फैलिएको थियो, त्यो रोकिएको छ भनेर बाँकी रहेको। योचाहिँ अन्त्यको तस्वीर हो: जीवनरहित, बाँकी रहेको र भविष्यविनाको देखिएको। के थियो भन्ने कुराको अन्त्य, कुहिनलाई बाँकी रहेको र अन्त्यमा सिद्धिने कुरालाई ठुटाले देखाउँछ।

बाँकी पृष्ठ ३ मा




बोलावटको प्रतिध्वनि- यूट्यूब च्यानल

## यूट्यूब क्रीष्टियान च्यानल

**तपाईले पा. एस. साम सेल्भाराजसँग प्रार्थना गर्ने अवसर पाउनुहुनेछ।**

**५ मिनेटको सन्देश**

**अंग्रेजी र हिन्दी, तामिल र तेलगू**

**हरेक दिन: बिहान २ बजे देखि**

तामिल आइतवार सेवा: बिहान ८:३० बजे

*** Please Subscribe and Share ***

बोलावटको प्रतिध्वनि सन् १९६९-२०१९ स्वर्णजयन्ती वर्ष



REACHING NATIONS

# तपाईंको प्रिय भाइबाट....



**हाम्रो मिसन नीति**

हामीले प्राचीन र प्रेरित पावलको समयको सम्झौता नगरिएको शिक्षा आधुनिक पुस्तालाई व्याख्या गर्नुपर्ने र शिक्षा दिनुपर्छ । यो आवश्यकताको घडी हो ।

HON. EDITOR-IN-CHIEF
Rev. Angeline S. Kumari, M.A., M.Sc., M.Ed.
HON. MANAGING EDITOR
Pastor Alex Samson Sam, B.Th., M.Div.
GENERAL MANAGER
Bro. N. Prakasam, M.A., M.Sc.(C.S.), PGDHRM., MBA.
ADMINISTRATION
Sis. Jesy Veena Sam
Adv. K. Puratchivendan, M.Com., C.A., B.L.
Dr. P.E.R. Premchand, M.Sc., M.A., M.Ed., Ph.D.
Dr. C.G.S. Baburao, B.Tech., M.Tech.(DVM), Ph.D.
Dr. Rabinder Boaz, M.S. (CMC)
EDITORIAL BOARD
Dr. Serena Bevin, M.A., M.Phil., B.Ed.
Sis. Sajini Cherian
Rev. Dr. K.R. Rajasekaran
Rev. Dr. William Robert, Ph.D., D.D., D.Litt.
EDITOR, PUBLISHER & PRINTER
Pastor S. SAM SELVA RAJ
Echo of His Call Printers
10, Mohammed Abdullah 2nd Street,
Chepauk, Chennai - 600 005, India.
Phone : (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766
Cell : (+91) 98410 71852, 98412 71858, 95661 31858
E.MAIL
sam@echoofhiscall.org
biblecor@yahoo.co.in
WEBSITES
www.echoofhiscall.org
www.stpaulsmatriculation.com
YOUTUBE CHANNEL
Echo of His Call

परमप्रभु हाम्रा परमेश्वरको नाउँ उच्च पार र उहाँको पाउदानमा आराधना गर, उहाँ पवित्र हुनुहुन्छ (भजनसंग्रह ९९:५) ।

ख्रीष्टमा प्रियहरू,

यो वर्षको पहिलो दुई महिनाबाट भएर परमप्रभुले हामीलाई अनुग्रहपूर्वक अगुवाइ गर्नुभएको छ । हामी उहाँलाई नै सारा महिमा, आदर र प्रशंसा दिन्छौं । मुख्य मण्डली र कार्यालयमा भएका हाम्रा सेवकाइका हरेक क्षेत्रमा परमेश्वरको प्रशस्त आशिषको निम्ति हामी उहाँलाई धन्यवाद दिन्छौं ।

सान्तोसापुरम, चेपकाउ र भेलाचेरीमा भएको हाम्रो तामिल **नहेम्याह** बाइबल कले**जहरूका** साथै आवासीय हिन्दी **नहेम्याह बाइबल कलेजको** निम्ति तपाईंको प्रार्थनाको लागि हामी विनम्रतापूर्वक आग्रह गर्दछौं । आजको संसारमा सेवकाइको निम्ति समर्पित व्यक्तिहरू प्राप्त गर्ने चुनौती वृद्धि भइरहेको छ । त्यसकारण, समर्पित विद्यार्थीहरूका निम्ति तपाईंका प्रार्थना अत्यन्तै आवश्यक भएका छन् ।

हाम्रा मासिक समाचारपत्रहरू १६ वटा भिन्दै भाषाहरूमा प्रकाशन भएका छन् र निःशुल्क वितरण गरिएका छन् । तापनि, युवा पुस्ताको बसचमा छापिएका साहित्य पढ्ने चाहना तीव्ररूपमा घटिरहेको छ । अझ धेरै मानिसहरूका बीचमा पुग्न हामीलाई सहायता गर्दै तपाईंका आफन्तहरू र मित्रहरूलाई **बोलावटको प्रतिध्वनि** परिचित गराएर हामीलाई सहायता गर्न हामी तपाईंलाई उत्साह दिन्छौं ।

परमेश्वरको अनुग्रहबाट हामीले अंग्रेजी, हिन्दी, तामिल र तेलगू भाषामा यूट्यूबमा दिनहुँ **बोलावटको प्रतिध्वनि**का भक्तिपूर्ण सन्देशहरू प्रसारण गर्न सक्षम भएका छौं । यसका अतिरिक्त, हाम्रो आइतबारको सेवाहरू पनि **Echo of His Call** यूट्यूब च्यानलमा लाइभ स्ट्रिमिङ भएका छन् । यसलाई हेर्न र आशिषित हुन हामी तपाईंलाई निम्त्याउँदछौं ।

कृपया तपाईंको प्रार्थनामा हाम्रो **ग्लोबल मिशन फर युथ एण्ड किड्स** केयर सेवकाइलाई सम्झिदिनुहोला । तपाईं पनि बिना कुनै शुल्क यसमा जोडिन सक्नुहुन्छ । तपाईंको स्थानीय स्थानमा दिनहुँ राति १० बजे विश्वव्यापी युवा र बालबालिकाहरूका निम्ति प्रार्थना गर्न मात्रै समर्पित हुनुहोस् । तपाईंको मोबाइल फोनमा रिमाइन्डर सेट गर्नुहोस् र प्रार्थना गर्नुहोस्

**प्रभु, विश्वभरि** रहेका जवान **युवायुवती र बाल**बालिकाहरूलाई **सम्झनुहोस् ।**

यो सेवकाइ दुई वर्षअघि सुरु भएको हुँदा धेरै जना यसमा जोडिनुभएको छ र परमेश्वरले उहाँहरूलाई प्रशस्त मात्रामा आशिष् दिनुभएको छ । तपाईं पनि सहभागी हुन चाहनुहुन्छ भने कृपया हामीलाई जानकारी दिनुहोस् ।

परमेश्वरको अनुग्रहबाट राम्री संचालन भइरहेका तल उल्लेख गरिएका सेवकाइहरूका निम्ति पनि हामी तपाईंको प्रार्थनाको आग्रह गर्दछौं

**सेन्ट पावलस् मैट्रिकुलेसन स्कूल**, सुसमाचारीय छापाखाना, **बाइबलकोर** (बाइबल पत्राचार कोर्स) तामिल, अंग्रेजी र हिन्दीमा ।

तपाईंको निरन्तरको प्रार्थना र आर्थिक सहायताको निम्ति हामी अत्यन्तै कृतज्ञ छौं । परमेश्वरले आफ्नो कृपामा तपाईंलाई प्रशस्त आशिष् दिनुभएको होस् ।

My son, Pastor Alex Samson Sam, entered the Kingdom of the Lord on February 13th, 2025.

*येशू ख्रीष्टमा तपाईंका सेवकहरू*

*पा. एलेक्स सामसन साम*

*पा. एस. साम सेल्भाराज*

(+91) 98412 71858 / 98410 71858, E.mail : sam@echoofhiscall.org

Our Ministries: ECHO OF HIS CALL Monthly Magazines (16 languages) BIBLECOR - Postal Courses (3 languages) YouTube Ministry Online Courses Theological Correspondence Courses (2 languages) Church Planting Nehemiah Bible Colleges Gospel Printing Press Great Commission Partners St. Paul's Matriculation School Crusades Community Development

## विनम्र अनुरोध: बोलावटको प्रतिध्वनिका पाठकहरूलाई

हाम्रो ५ मिनेट बोलावटको प्रतिध्वनि यूट्यूब सन्देशहरू (हरेक दिन) तामिल, तेलगु, अंग्रेजी र हिन्दी भाषामा बिहान २ बजेदेखि प्रशारण भइरहेका छन्। सन्देशहरू हेरेर तपाईले परमेश्वरको अनुग्रह प्राप्त गर्न सक्नुहुन्छ।
साथै, तपाईको मोबाइल फोनहरूमा मेरो मोबाइल नम्बरहरू (९१) ९८४१० ७१८५८, (९१) ९८४१२ ७१८५८ (व्यक्तिगत) सेभ गर्नुहोस्।

**पा. एस. साम सेल्भाराज**

पृष्ठ १ बाट

यो पदले दाऊदको राजकीय वंशावलीलाई उल्लेख गर्दछ, घटेर बाँकी रहेको- ठुटा। बाँकी रहेकाहरूचाहिँ बाँचेकाहरू हुन्, जसले परीक्षा सहे, विषमताको सामना गरे र स्थिर रहेका थिए। यशैया ११:१ चाहिँ उहाँका विश्वासयोग्य बाँकी रहेकाहरूका निम्ति परमेश्वरले गर्न चाहनुभएको कुराको प्रतिज्ञा हो: हरेक आँधीबाट भएर जाँदा उहाँमा रहिरहनेहरू येशू ख्रीष्टको जगमा स्थिर भएर खडा हुँदै।

दाऊद र तिनका सन्तानको निम्ति परमेश्वरको वास्तविक योजना सदाको निम्ति सिंहासनमा राज गर्नु थियो। तापनि, इतिहासले भिन्दै कथा बताउँछ। २ राजा २४ र २५ अध्यायमा, यहूदाका राजा सिदकियालाई (जसको नामको अर्थ परमेश्वरको उपहार हो) नबूकदनेसरले कैद गरेका थिए, जसबाट दाऊदको वंशावलीको शाही अधिकार अन्त्यमा आएको थियो भनेर हामीले जान्दछौं। करिब ६०० वर्षसम्म इस्राएलमा राजा थिएन।

यो शान्त समयमा परमेश्वरले आफ्नो प्रतिज्ञा बिर्सनुभएको जस्तो देखिन्छ। तर परमेश्वर अविश्वासयोग्य हुनुहुन्नथ्यो, उहाँले आफ्नो नियुक्त गरिएको समय पर्खिरहनुभएको थियो। यहूदीहरूका राजाको आगमनको निम्ति ठूलो व्यग्रताको साथमा इस्राएलका मानिसहरू पर्खिरहेका थिए। अनि त्यसपछि, समयको पूर्णतामा, यिशैको ठुटोबाट टुसा पलाउनेछ भनेर परमेश्वरले घोषणा गर्नुभयो।

### टुसा:

मरेको ठुटाबाट जीवन कसरी उम्रन सक्छ? यो असम्भव देखिन्छ। तर परमेश्वरद्वारा अत्यन्तै आशाहीन अवस्थाहरू पनि ब्यूँतिन सक्छ। इस्राएलको अन्त्य कस्तो देखिन सक्छ- शक्तिशाली राज्य जीवनहीन बाँकी रहेको कुरामा घटेको थियो- येशू ख्रीष्टको जन्मबाट परमेश्वरको प्रतिज्ञाको पूर्णताको निम्ति मञ्च बनेको थियो।

आफ्ना अत्याचारीहरूलाई सत्ताच्यूत गर्न तयार भएको शक्तिशाली र सामर्थ्य राजाको रूपमा मसीहलाई कल्पना गरेका इस्राएलीहरूको अपेक्षाको विपरीत येशू नम्रतापूर्वक आउनुभयो, डूँडमा जन्मनुभयो। कहिलेकाहीं, परमेश्वरको प्रतिज्ञा यस्तो तरिकामा बाहिर आउँछ जुन मानिसको अपेक्षाभन्दा बाहिर हुन्छ। तापनि, उहाँका योज्नाहरू सधैं सिद्ध हुन्छन्।

यिशैको ठुटाबाट टुसा बाहिर निस्कँदै छ- नयाँ जविन, आशा र पुनर्स्थापनाको संकेतको रूपमा।

### टुसामा मनन:

हामीले ठुटाबाट आएको काल्पनिक टुसामा मनन गर्न हामीले खेल सुट प्रयोग गर्न सक्छौं।

### १. प्रतिज्ञाका स्रोत

**1. SOURCE OF PROMISES!**

हाम्रो परमेश्वर प्रतिज्ञाका परमेश्वर हुनुहुन्छ। उहाँले करार बाँध्नुहुन्छ र कहिल्यै पनि आफ्नो वचनबाट मुख मोड्नुहुन्न। जब हाम्रो जग उहाँका प्रतिज्ञाहरूमा निर्माण हुनछ, हामी विजेताभन्दा पनि बढी हुन्छौं किनभने उहाँका प्रतिज्ञाहरू येशू ख्रीष्टमा हो र आमेन हुन्छ। परमेश्वरले आफ्नो वचन कहिल्यै बिर्सनुहुन्न। उहाँले अनपेक्षित क्षणमा पनि आफ्नो प्रतिज्ञाहरू पूरा गर्नुहुन्छ किनकि उहाँ प्रतिज्ञा पूरा गर्न विश्वासयोग्य हुनुहुन्छ।

उहाँले दाऊदलाई दिनुभएको आफ्नो प्रतिज्ञा पूरा गर्नुभयो: तेरो **घराना र तेरो राज्य मेरो** सामुन्ने **सधैंभ**रि **र**हिरहनेछ र **तेरो सिंहासन सदासर्वदाको लागि स्थिर हुनेछ** (२ शमूएल ७:१६)।

एक समयको लागि उहाँले आफ्नो प्रतिज्ञा बिर्सनुभएको जस्तो देखिन्छ किनकि सिंहासनमा दाऊदको वंशबाट कुनै पनि राजा थिएन। तापनि, ठुटाबाट एउटा टुसा बाहिर पलाएको थियो, जसले अनपेक्षित क्षणमा परमेश्वरको वचन पूरा गरेको थियो।

...**मैले** तँ**लाई भने**को **कुरा पूरा** नगरुन्**जेल** म **तँ**लाई **छोड्**नेछैनँ (उत्पत्ति २८:१५)।

उत्पत्ति २२ अध्यायमा परमेश्वरले अब्राहामलाई प्रतिज्ञा दिनुभयो कि तिनका सन्तान ताराहरूझैं असंख्य हुनेछन्। तापनि, जब परमेश्वरले अब्राहामलाई तिनको छोरा इसहाक, प्रतिज्ञाको छोरालाई बलिदान गर्न भन्नुभयो, तिनको विश्वास जाँच गरिएको थियो। जसै अब्राहामले हतियार उठाए, परमेश्वरले प्रतिस्थापनको बलिको रूपमा थुमा प्रदान गर्नुभयो। अवस्थाहरू असम्भवजस्तो देखिए पनि आफ्नो


**Statement about ownership and other particulars about the Newspaper Echo of His Call (Nepali) - Form IV (See Rule 8)**

| | |
|---|---|
| 1. Place of Publication | : **New No. 8 & 10, Old No. 18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai - 600 005.** |
| 2. Periodicity | : **Monthly** |
| 3. Printer, Editor, Owner & Publisher | : **S. Sam Selva Raj** (Same Address) |
| 4. Nationality | : **Indian** |

I, **S. Sam Selva Raj** hereby declare that the particulars given above are true to the best of my knowledge and belief.

**March 2025** **S. Sam Selva Raj.**



**God promised - Abraham descendants would be as numerous as the stars**

प्रतिज्ञा पूरा गर्न परमेश्वर विश्वासयोग्य हुनुहुन्छ भनेर यो कथाले प्रदर्शन गर्दछ । आजै उहाँको प्रतिज्ञा दाबी गर्नुहोस् ।

## २. पुनर्स्थापित गरिएको आशा
## 2. HOPE RESTORED!

येशू ख्रीष्टको सन्देशमध्ये एउटाचाहिँ आशा हो- हरेक जनाको निम्ति आशा, आशाहीनताको अवस्थामा पनि । संसारभरि धेरै मानिसहरूले संघर्ष गरिरहेका छन् किनभने तिनीहरूले आफ्नो सम्बन्ध, आर्थिक कुरा, भविष्य, जागिर र सबैभन्दा महत्वपूर्ण आफैमा भएको आशा गुमाएका छन् । शुभ सन्देशचाहिँ यही हो कि येशूले जीवनहीन अवस्थामा आशा पुनर्स्थापना गर्नुहुन्छ ।

जसरी मरेका ठुटाबाट टुसा पलाउन सक्छ, येशू ख्रीष्टले जीवनहीन अवस्थाहरूलाई नयाँ जीवनको स्रोतहरूमा रूपान्तरण गर्न सक्नुहुन्छ । येशूको जन्मको मुख्य सन्देशमध्ये एउटा यो पनि हो: आशा । ठुटा, एक पटक जीवनहीन र आशाभन्दा टाढा थियो, यसले टुसा बाहिर ल्याउनेछ- एउटा नयाँ जीवन ।

यो ठुटाले एक पटक फूलहरू, पातहरू, यसको हाँगाहरूमा चराहरू बास गर्ने र छायाँ र सुरक्षा प्रदान गरिरहेको थियो, अब यो भाँचिएको, रित्तो र जीवनहीन भएको छ । यो उपयोगहीन, बिनाउद्देश्य र कुहिनलाई छोडिएकोजस्तो देखिएको थियो । तापनि, यो विनाशबाट पनि टुसा पलाएको छ- जीवनले भरिएको नयाँ हाँगा ।

कठोर अनिकालको समयमा सारपतकी विधवाले आफू र आफ्नो छोरा मर्नुअघि



**Zarephath was gathering sticks!**

आफ्नो निम्ति अन्तिम खाना तयार गर्न सुकेका हाँगाहरू संकलन गरिरहेकी थिइन् । एलियाको आग्रहमा तिनले आफ्नो अन्तिम पीठो र तेल तिनलाई रोटी बनाउन प्रयोग गरिन् । आश्चर्यजनक रूपमा, कहिल्यै पनि नरित्तिने गरी पीठो र तेलको भाँडो दिनुभएर परमेश्वरले तिनको घरको निम्ति खानेकुरा प्रदान गर्नुभयो ।

जीवनहीन ठुटाबाट टुसा पलाएझैं अत्यन्तै निरासाको अवस्थामा पनि परमेश्वरले कसरी आशा र पोषण पुनर्स्थापित गर्नुहुन्छ भनेर यो कथाले (१ राजा १७:७-१६) प्रदर्शन गर्दछ ।

तपाईंको अवस्था जस्तोसुकै आशाहीनता देखिए पनि येशूमा भरोसा गर्नुहोस् । उहाँ नै प्रतिज्ञाहरूको स्रोतहरू र आशाको पुनर्स्थापना गर्ने हुनुहुन्छ ।

**परमेश्वरको** पुनर्स्थापना र नयाँ **सुरुवात** परमेश्वरले आशा पुनर्स्थापित गर्नुहुन्छ:

परमेश्वरले अरूका निम्ति गर्नुभएको थियो, उहाँले हाम्रो जीवनमा पनि सोही गर्न सक्नुहुन्छ- आशाहीनताको अवस्थाहरूलाई आनन्द र पुनर्स्थापनाको स्रोतहरूमा रूपान्तरण । आफ्नो समस्या परमेश्वरको चरणमा ल्याउने विधवाजस्तै, हामीले पनि आफ्ना बोझहरू येशू ख्रीष्टमा समर्पण गर्नुपर्छ । जब हामीले उहाँलाई हरेक शोक दिन्छौं, उहाँले नै शोकलाई आनन्दमा परिणत गर्नुहुन्छ र हाम्रा आशा पुनर्स्थापित गर्नुहुन्छ । हामीले हरायो भनेर विचार गरेको आशा पनि येशू ख्रीष्टको नाउँमा नवीकरण हुन सक्छ ।

## ३. हानिमाथि विजयी
## 3. OVERCOMER OF LOSS!

परमेश्वरले हामीलाई आफ्ना परिस्थितिहरूमा पीडित अवस्थामा रहिरहन बोलाउनुभएको छैन तर विजयीझैं खडा हुन बोलाउनुभएको छ । यो वर्ष तपाईंको निम्ति कस्तो भयो वा विगतका बोझ तपाईंले अझै बोकिरहनुभएको भए पनि, यो कुरा याद राख्नुहोस्: येशू ख्रीष्टले तोडिएको वा हराएको कुरालाई पुनर्स्थापित गर्नुहुन्छ । उहाँले हामीलाई पितासँग मिलाप गराउनुहुन्छ किनभने उहाँ पुनर्स्थापना र पुनर्मिलापको परमेश्वर हुनुहुन्छ ।

तपाईंले जे कुरा गुमाउनुभए पनि- अनाज्ञाकारीता, पाप वा परमेश्वरबाट टाढा भएर- उहाँले त्यो पुनर्स्थापित गर्न सक्नुहुन्छ । उहाँले आफ्नो बलिदानद्वारा पितासँग हाम्रो सम्बन्धलाई पुनर्स्थापित गर्नुहुन्छ भने हाम्रो जीवनका अन्य पक्षहरूलाई पनि उहाँले कति धेरै पुनर्स्थापित गर्नुहुनेछ ? येशू ख्रीष्ट मर्नको निम्ति आउनुभयो ताकि हामी परमेश्वरसँग पुनर्मिलाप हुन सकौं । तपाईंले जे कुरा गुमाउनुभए पनि उहाँको प्रतिज्ञा दाबी गर्नुहोस् र त्यसलाई पुनर्स्थापित गर्न उहाँमा भरोसा गर्नुहोस् ।

परमेश्वरले मरेको, जीवनहीन ठुटाबाट जीवन ल्याउन सक्नुहुन्छ भने उहाँले तपाईं र मेरो निम्ति अझ धेरै कति गर्न सक्नुहुन्छ ? अयूब ४२ अध्यायमा अयूबको कथालाई विचार गरौं: उसले हरेक थोक गुमाएको थियो- आफ्ना छोराछोरी, धनसम्पत्ति र स्वास्थ्य । तापनि, उसको गहन कष्टमा पनि अयूब विश्वासयोग्य



**God restored everything to Job!**

....Contd. to page 6

# महान् आज्ञा सहयोगीहरु

बाँड्न (गलाती ६:२), सहायता (रोमी १२:१३ र गति बढाउन (२ तिमोथी १:६)



PRAISE & PRAYER POINTS - From March 19, 2025 To April 18, 2025

(कृपया यो पृष्ठ निकालेर आफ्नो बाइबलमा राख्नुहोस् र निरन्तर प्रार्थना गर्नुहोस्)

## ✝ परमेश्वरलाई प्रशंसा गरौं...

मार्च १९: हाम्रा प्रार्थनाका साझेदारहरू, विश्वासका साझेदारहरू, जीवनका साझेदारहरू, ग्राहकवर्गहरू, महान् आज्ञाका साझेदारहरू र उहाँका परिवारका सदस्यहरूमाथि आशिष्को निम्ति ।

मार्च २०: ग्रामीण क्षेत्रहरूमा परमेश्वरको काममा संलग्न मिसनरीहरू र उहाँका परिवारहरूका निम्ति ।

मार्च २१: विश्वभरि बाइबल प्रकाशन र ख्रीष्टियान साहित्यमा भएका आवश्यकता पूरा गर्नुभएको निम्ति ।

मार्च २२: आफ्नो व्यक्तिगत आवश्यकताको बीचमा पनि हाम्रा सेवकाइहरूलाई आर्थिक रूपमा सहायता गर्ने साझेदारहरू हामीलाई दिनुभएको निम्ति ।

मार्च २३: हाम्रा **बोलावटको प्रतिध्वनिका** सहसम्पादकहरू र उहाँका परिवारहरूका निम्ति ।

मार्च २४: हाम्रा सिनियर पास्टर एस. साम सेल्भाराज र उहाँका परिवारलाई ईश्वरीय सुरक्षा र असल स्वास्थ्यको साथमा आशिष् दिनुभएको निम्ति ।

मार्च २५: मिसनरीहरूलाई आर्थिक र प्रार्थनाको सहायता प्रदान गर्न हामीलाई सक्षम बनाउनुभएको निम्ति ।

मार्च २६: हाम्रा सेन्ट मेट्रिकुलेसन स्कुल, नहेम्याह बाइ**बल कलेज र ईश्वरीय पत्राचार कोर्सका** सम्पूर्ण क्रियाकलापहरूका निम्ति ।

मार्च २७: ख्रीष्टियान सही शिक्षामा आधारित मिसनरीहरूबाट स्थापना गरिएका स्कुलहरूका साथमा संसारलाई दिनुभएको आशिष्को निम्ति ।

मार्च २८: १९६९ देखि पत्रिका सेवकाइमा हाम्रो समर्पणतामा उहाँको प्रशस्त आशिष्को निम्ति ।

मार्च २९: **Echo of His Call** यूट्यूब च्यानलका निम्ति नयाँ सब्स्क्राइबरहरूका साथमा हामीलाई आशिष् दिनुभएको निम्ति ।

मार्च ३०: हाम्रो ग्लो**बल** भिजन फर **युथ एण्ड किड केय**र सेवकाइमा आशिषको निम्ति ।

मार्च ३१: हाम्रा प्रान्तीय संयोजकहरू र उहाँका परिवारहरूमाथि आशिष्को निम्ति ।

अप्रिल १: विशेष गरी हाहाकार र लडाईंको भय भएका सबै देशहरूमाथि ईश्वरीय सुरक्षा, शान्ति र स्थिरताको निम्ति ।

अप्रिल २: राजनैतिक र धार्मिक अवरोधका बीचमा हाम्रा ख्रीष्टियान सेवकाइहरू अघि बढ्न सहायताको निम्ति ।

अप्रिल ३: विविध सेवकाइहरूबाट सुसमाचार फैलाउने हाम्रो सिनियर पास्टरको समर्पणताको निम्ति ।

## ✝ कृपया प्रार्थना गरौं...

अप्रिल ४: सरकारी परीक्षामा सहभागी हुन लागेका हाम्रा **सेन्ट पायलस् मैट्रिकुलेसन स्कुलका** १० कक्षाका विद्यार्थीहरूका निम्ति ।

अप्रिल ५: शैक्षिक सत्र २०२५-२६ को निम्ति हाम्रो आवासीय र साँझको नहेम्याह बाइबल कलेजमा योग्य विद्यार्थीहरूको भर्नाको निम्ति ।

अप्रिल ६: बहुसंख्यक सेवकाइहरूका निम्ति नयाँ दर्शनको साथमा हाम्रो सिनियर पास्टर एस. साम सेल्भाराज आशिषित हुन ।

अप्रिल ७: लागुपदार्थको दुर्व्यसनीबाट बालबालिका र युवाहरूको सुरक्षाको निम्ति ।

अप्रिल ८: संसारभरि वृद्धि भइरहेको नराम्रा बानीहरूबाट बालबालिका र युवाहरूलाई सुरक्षाको निम्ति ।

अप्रिल ९: शैक्षिक सत्र २०२५-२६ को निम्ति हाम्रो **सेन्ट पायलस् मैट्रिकुले**सन **स्कु**लमा नयाँ विद्यार्थीहरूको भर्नाको निम्ति ।

अप्रिल १०: संसारभरि बालबालिका बेचबिखन उन्मूलनको निम्ति ।

अप्रिल ११: संसारका मण्डलीमा जागृतिको निम्ति ।

अप्रिल १२: सबै देशका राष्ट्रपति, प्रधानमन्त्री, मुख्य मन्त्री र सांसदहरूका निम्ति ।

अप्रिल १३: संसारका युवायुवती र बालबालिकाले आफ्नो व्यक्तिगत मुक्तिदाताको रूपमा येशू ख्रीष्टलाई ग्रहण गरून् ।

अप्रिल १४: संसारभरि रहेका मानिसहरूका आवश्यकताको निम्ति ।

अप्रिल १५: सबै देशहरूले सम्पूर्ण पक्ष र योजनामा एकता, प्रगति र शान्ति महसुस गरून् ।

अप्रिल १६: प्रार्थना र आर्थिक सहायताले हाम्रा सेवकाइहरूलाई उचाल्ने हाम्रा सहयोगीहरू, शुभचिन्तकहरू र मित्रहरू आशिषित र बलियो बन्नको निम्ति ।

अप्रिल १७: हाम्रो मुख्य मण्डली र शाखा मण्डलीहरूमा असल शुक्रबार र इष्टर सेवाको निम्ति ।

अप्रिल १८: विश्वव्यापी आर्थिकमन्दीको अन्त्यको निम्ति, प्रभावितहरूमा राहतको निम्ति ।

पृष्ठ ४ बाट

रहे । अन्त्यमा, ऊसँग पहिले भएभन्दा दोब्बर दिएर परमेश्वरले उसलाई हरेक थोक पुनर्स्थापित गरिदिनुभयो । अकल्पनीय हानिपछि पनि प्रशस्त मात्रामा आशिष् दिनुहुने पुनर्स्थापित गर्नुहुने परमेश्वर हुनुहुन्छ भनेर यस कुराले प्रदर्शन गर्दछ ।

त्यसै गरी,१ शमूएल ३० अध्यायमा दाऊदले अमालेकीसँग हरेक थोक गुमाए । निरास हुनुको साटोमा तिनले परमप्रभुमा सामर्थ्यको खोजी



David recovered everything

गरे र तिनले हरेक थोक पुनःप्राप्त गरे । तपाईंले गुमाउनुभएको हरेक थोक परमप्रभुले पुनर्स्थापित गरिदिनुभएको होस्- हरेक थोक ।

## ४. नयाँ सुरुवातको प्रारम्भकर्ता

## 4. OPENER OF NEW BEGINNINGS!

हामी हरेकको निम्ति परमेश्वरसँग योजना छ भनेर बाइबलले हामीलाई निश्चयता प्रदान



गर्दछ- हामीलाई आशा र भविष्य दिने योजना । हामी उहाँको हातको हत्केलामा खोपिएको थियो । तापनि, कहिलेकाहीं जीवनले अनपेक्षित मोडहरू लिन सक्छ र हामी मार्गमा नै हराएको महसुस गर्न सक्छौं ।

येशू ख्रीष्टको सुन्दरता यही नै हो कि उहाँ दोस्रो मौकाको परमेश्वर हुनुहुन्छ । हामीले गल्तीहरू गरे पनि उहाँले हाम्रा गल्तीबाट केही सुन्दर कुरा सृजना गर्न सक्नुहुन्छ । रोमी ८:२८ ले भन्दछ, ...**उहाँलाई प्रेम गर्नेहरूका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ** नै गर्नुहुन्छ... ।

उहाँ नयाँ ढोकाहरू र नयाँ सुरुवातका प्रारम्भकर्ता हुनुहुन्छ । तपाईंले यो पढ्दै गर्दा म प्रार्थना गर्दछु कि नयाँ अवसरहरू खोउनेछन् र तपाईंको जीवनमा ताजा सुरुवात आउनेछ । येशू ख्रीष्ट हामीलाई प्रशस्त मात्रामा उद्देश्य र जीवन दिन आउनुभयो । प्रार्थनामा उहाँलाई आफ्नो जीवन समर्पण गर्नुहोस् र उहाँले सबै थोकहरू नयाँ बनाउनुहुनेछ ।

आशाहीनतालाई ताजा सुरुवातमा रूपान्तरण गर्दै केही पनि नभएको ठाउँमा परमेश्वरले जीवन सृजना गर्नुहुन्छ । टुसा- नयाँ जीवनको संकेत- एक पटक मरेको देखिएको ठुटाबाट पलाउनेछ । जीवनहीन स्थानमा जीवन ल्याउने शक्ति परमेश्वरमा छ । इजकिएल ३७ मा सुख्खा हाडहरूलाई बोलिएको कुरा हामीलाई सम्झना दिलाइएको छः तिनीहरू जीवनमा फर्केर आउनेछन् । हरेक मृत अवस्थामा जीवन बोल्नुहोस् किनकि येशू ख्रीष्टको जन्मको प्रतिज्ञा यही नै हो ।

इजकिएलले सुख्खा हाडले भरिएको उपत्यकाको दर्शन देखेका थिए । जब परमेश्वरले तिनलाई अगमवाणी गर्न आज्ञा दिनुभयो, हाडहरू आपसमा जोडिए, मासुले भरिए र श्वास प्राप्त गरे, ठूलो सेना बने । पुनरुत्थान र नवीकरणको यो शक्तिशाली तस्वीरले हामीलाई निश्चयता



Ezekiel saw a vision of a valley filled with dry bones

दिलाउँछ कि सबैभन्दा बाँझो र जीवनहीन अवस्थामा पनि नयाँ सुरुवात सृजना गर्न सक्नुहुन्छ ।

....Contd. to page 9

नहेम्याह साझको बाइबल कलेज
योग्यताः दश कक्षा र सोभन्दा माथि
चेपाउक र सन्थोसापुरम्, Velachery चेन्नाइ
भर्नाको लागि छिटो गर्नुहोस् ।
माध्यमः तामिल (Part Time)
ईश्वरशास्त्रमा डिप्लोमा
Hindi (Residential) (Sponsorship Available)
विगत ५५ वर्षदेखि अन्तरराष्ट्रिय
ख्रीष्टियान अगुवाहरु र
सिनियर पास्टरहरुबाट पहिचान भएको
Contact : The Chairman, Nehemiah Bible College.
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA.
Phone : (+91-44) 2852 8282, Cell : (+91) 98410 71852 / 95661 31858
E.mail : sam@echoofhiscall.org / Website : www.echoofhiscall.org

## MAIN CHURCH PROGRAMMES

1. Prayer Service : 24 hours
2. ECHO OF HIS CALL - Monthly Magazines :English, Tamil, Malayalam, Telugu, Hindi, Kannada, Marathi, Gujarati, Bengali, Odiya, Nepali, Assamese, Punjabi, Urdu, Sinhala & Afrikan.
3. BIBLECOR - Basic Bible Courses (English, Tamil & Hindi)
4. Theological Correspondence Courses: English & Tamil
5. Nehemiah Bible Colleges (Chepauk, Santhoshapuram & Velachery)
6. Great Commission Partners (Network of Pastors)
7. Training Programmes – Seminars & Retreats
8. Crusades
9. Literature Distribution and Follow Up
10. Gospel Printing Press - Publications
11. St. Paul's Matriculation School - Village English High School
12. Sunday Schools (Chepauk) : 10.30 a.m. Sunday & (Velachery, Balaji Nagar & Santhoshapuram) 3.00 p.m. Sunday
13. Early Morning Service : 5.30 a.m. Sunday
14. Preliminary Service : 8.00 a.m. Sunday
15. Tamil Service : 8.30 a.m. Sunday
16. Youth Meeting : 11.00 a.m. Sunday
17. Fellowship Lunch : 1.00 p.m. Sunday
18. Hindi Service : 4.00 p.m. Sunday
19. Telugu Service : 5.00 p.m. Sunday
20. English & Hindi Service : 6.00 p.m. Sunday
21. Feedback Time : 7.30 p.m. Sunday
22. Women's Prayer : 5.30 p.m. Wednesday
23. Men's Prayer : 7.00 p.m. Friday
24. Discipleship Meeting : 6.00 p.m. Saturday
25. House Meetings : 6.30 p.m. Tuesday & Thursday
26. Special Holy Communion : 6.00 a.m. 1st day of each month
27. Ministers' Meeting : 6.00 p.m. First Saturday
28. Parents' Prayer : 4.00 p.m. First Sunday
29. Night Prayer : 9.30 p.m. Third Friday
30. Fasting Prayer : 9:30 a.m. Second Saturday
31. Holy Communion : Second Sunday Services
32. Youth / Kid Prayer : 10.00 p.m. daily (over phone)
33. Staff Devotion : 9.00 a.m. daily
34. Office : 9.00 a.m. to 9.00 p.m. (except Sundays)

## बोलावटको प्रतिध्वनि पत्राचार कोर्स भारतमा भएकाहरुलाई मात्र

### १. बाइबलकोर

बाइबलको आधारभूत सत्यतामा नयाँ ख्रीष्टियानहरू र गैह्रख्रीष्टियानहरूलाई अङ्ग्रेजी, हिन्दी र तामिल भाषामा हामीले पत्राचार कोर्स प्रस्तुत गर्छौं। तपाईंले **नयाँ जीवन – तपाईंको लागि** भन्ने शीर्षक भएको ७० पृष्ठको कोर्सको किताब पाउनुहुनेछ। तपाईंले यो कोर्स पूरा गरेपछि तपाईंलाई प्रमाणपत्र दिइनेछ। **कुनै पनि अनिवार्य** शुल्कहरू **यसमा लाग्नेछैन**। यो कोर्स भारतमा हुनुभएकोव्यक्तिको लागि मात्र हुनेछ।

### २. ईश्वरशास्त्रीय पत्राचार कोर्स

पास्टरहरू, सुसमाचार प्रचारकहरू र ख्रीष्टियान अगुवाहरूका लागि ईश्वरशास्त्रीय पत्राचार कोर्स भन्निने आधुनिक पत्राचार शिक्षा पनि उपलब्ध छ। यसको लागि शुल्क रु. १,०००/– लाग्नेछ। १४२ पाठहरू भएको ७ वटा पुस्तकहरू उपलब्ध गराइनेछ। तपाईंले सेवकाइमा प्रमाणपत्र पाउनुहुनेछ।

बिस्तृत जानकारीको लागिः

**The Chairman, Nehemiah Bible College,**
Echo of His Call, Post Box 2957
CHEPAUK, CHENNAI - 600 005.
Ph.: (044) 2852 8282, 2852 9293, 2854 7766,
Cell : 98410 71852, 95661 31858
E.mail : biblecor@yahoo.co.in

## नि:शुल्क मासिक पत्रिका बोलावटको प्रतिध्वनि प्राप्त गर्ने राम्रो अवसर

तपाईंले आफ्ना साथीहरु / आफन्तहरुका ठेगानाहरु हुलाक, पत्र, इमेल, ह्वाटसएप वा फोनबाट हामीलाई पठाउन सक्नुहुन्छ भने हामीले निःशुल्क बोलावटको प्रतिध्वनि मासिक पत्रिका पठाउनेछौं।

## कर छुट

भारतबाट कुनै पनि व्यक्ति वा संस्थाबाट Echo of his Call Educational Trust लाई आउने सहयोग चन्दाहरूमा आयकर ऐनको खण्ड ८० जी अन्तर्गत आयकरको छुट छ। यस उद्देश्यको लागि आधिकारिक रसिद जारी गरिनेछ। कृपया यस्ता सहयोग चन्दाका लागि तपाईंका डिमाण्ड ड्राफ्टहरू/चेकहरू/मनी अर्डरहरू Echo of his Call Educational Trust को नाउँमा लेख्नुहुन र आयकर छुट पाउनको लागि तपाईंको आधारकार्ड र प्यान पनि हामीलाई पठाउनुहोला।

| | | |
|---|---|---|
| Account Name | : | ECHO OF HIS CALL EDUCATIONAL TRUST |
| Account Number | : | 1023 2923 805 |
| Bank Name | : | STATE BANK OF INDIA |
| Branch | : | TRIPLICANE, CHENNAI - 600 005 |
| IFSC Code | : | SBIN 0000249 |
| SWIFT Code | : | SBI NIN BB 455 |



# खाडलबाट दरबार

(पास्टर एस. साम सेल्भाराजको जीवनका अनुभवहरू)

"जसले पढ्छ, त्यसले बुझोस्" (मत्ती २४:१५)।

... **परमप्रभुमा भरोसा राख्ने** मानिसले आशिष् **पाउनेछ** (हितोपदेश १६:२०)।

मेरो सेवकाइका सुरुवातका वर्षहरूपछि विदेशका क्रिष्टियान सेवकहरू कसरी जिउँछन्, तिनीहरूले आफ्नो आत्मिक जीवनलाई कसरी हेरचाह गर्छन् र ती देशहरूमा आफ्ना सेवकाइहरू कसरी संचालन गर्छन् भन्ने बारेमा ममा गहन उत्सुकता विकास हुन थालेको थियो। तापनि, त्यो समयमा मसँग आर्थिक स्रोतहरू, सार्वजनिक सहायता र पर्याप्तमात्रामा आत्मिक वरदानको पनि कमी थियो।

मलाई अचम्म लाग्ने गरी मैले सन् १९८९ को अगस्त महिनामा मलेसिया म भ्रमण गर्नेछु भनेर मेरो डायरीमा लेख्ने दुस्साहस गरेको मैले पाएँ। मैले त्यसको बारेमा चाँडै नै बिर्सेको थिएँ। करिब तीन महिनासम्म त्यस विचारको बारेमा पुन:सोचेको थिइनँ। एक दिन, म आफ्नो डायरीमा अल्झेँ र मेरो योजनाको बारेमा पुन:सम्झना भयो। मेरो भ्रमणको प्रस्तावित मिति छिटै आइरहेको थाहा गरेर मैले उहाँको वचनमाथि विश्वास गर्दै प्रार्थनामा प्रभुको अघि यस विषयलाई अघि ल्याएँ: **कुनै** कुरामा **चिन्तित** नहोओ **तर हरेक कुरामा प्रार्थना** र **निवेदनद्वारा धन्यवादसहित** तिमीहरूका **बिन्ती परमेश्वरमा जाहेर होऊन्** (फिलिप्पी ४:६)।

दिनहरू हप्तामा बित्यो, तैपनि केही पनि हुने देखिएन। विदेशमा यात्रा गर्ने मसँग कुनै तरिका छैन भनेर मलाई मेरो हृदयमा थाहा थियो तर परमेश्वरमा मेरो विश्वास स्थिर रहेको थियो। त्यो समयमा, सेवकाइको निम्ति मलेसिया बारम्बार यात्रा गर्ने एक जना दाजुलाई मैले भेटेँ। मैले उहाँसँग मेरो चाहनाको बारेमा कुराकानी गरेँ र अधिक निर्देशनको निम्ति चेन्नाइमा उहाँको घरमा भ्रमण गर्न उहाँले मलाई उत्साह दिनुभयो।

भोलिपल्ट बिहान म उहाँको घरमा गएँ। दुर्भाग्यवश उहाँ कुनै काममा व्यस्त हुनुभएको रहेछ र मलाई अर्को दिन आउन भन्नुभयो। यस्तै तरिकामा महिना नै बित्यो। हरेक भ्रमणमा मैले समय र पैसा खर्च गर्नुपरेको थियो, उहाँले मलाई सहायता गर्ने चाहना गर्नुभएको थिएन भनेर मात्रै मैले बुझ्नुथियो। अन्त्यमा, उहाँले मलाई नराम्री भन्नुभयो, तपाईं मलेसिया जान सक्नुहुन्न। मजस्तो सक्षम र वरदान प्राप्त गरेको व्यक्तिले मात्रै त्यहाँ सेवकाइ गर्न सक्छ। मलेसियामा भएका कसैले पनि तपाईंलाई स्वीकार गर्नुहुनेछैन। तपाईं अब मकहाँ नआउनुहोला।

उहाँले दिनुभएको निराशाका बावजुद पनि मैले आशा गुमाइनँ। मैले निरन्तर प्रार्थना गरेँ, परमेश्वरको इच्छा प्रकट हुन धैर्यताकापूर्वक पर्खेँ।

दुई हप्तापछि मैले आफ्नो कार्यालयमा पत्रहरू हेरिरहेको थिएँ, मैले मलेसियाबाट आएको पत्र पाएँ। त्यो पत्र त्यहाँ सेवकाइ गरिरहनुभएका पास्टर देभाराजुलुबाट आएको थियो। उहाँले यसरी लेख्नुभएको थियो:

*ख्रीष्टमा मेरो प्रिय भाइ साम सेल्भाराज,*

*म पुस्तकप्रेमी हुँ। आज म पुराना पुस्तकहरू बेच्ने पसलमा गएको थिएँ र त्यहाँ मैले पुरानो, च्यातिएको तपाईंको बोलावटको प्रतिध्वनि समाचारपत्र पाएँ। जब मैले त्यो पढेँ, प्रभु मसँग बोल्नुभयो। कृपया मलाई तपाईंका पुराना अंकहरू पठाइदिनुहोला, हुलाक खर्च सबै म व्यहोर्नेछु। म तपाईंलाई व्यक्तिगत रूपमा भेट्न चाहन्छु। म तपाईंको यात्रा, खाना र अन्य खर्चहरू व्यहोर्न तयार छु। कृपया मलेसियामा आउनुहोस्। यसका अतिरिक्त म सिंगापुर र इन्डोनेसियामा सेवकाइ गर्न म व्यवस्था गर्नेछु। हामीलाई तपाईंजस्तै परमेश्वरका सेवकहरूको खाँचो छ। कृपया तुरुन्तै जवाफ दिनुहोला।*

***प्रेमको साधना***

***पास्टर देभाराजुलु***

म परमेश्वरको विश्वासयोग्यताबाट अचम्मित भएको थिएँ। जसरी मैले आफ्नो डायरीमा लेखेको थिएँ, पास्टर देभाराजुलुको निम्तोबाट सन् १९८९ अगस्तमा म मलेसिया भ्रमण गर्न सक्षम भएको थिएँ। मैले सिंगापुर र इन्डोनेसियामा पनि यात्रा गरेँ, जहाँ प्रभु येशू ख्रीष्टबाट पाप, श्राप र गरिबीबाट छुटकाराको सन्देश बाँड्दै मैले सयौं मानिसहरूका बीचमा प्रचार गरेँ। परमेश्वरले मलाई सेवकाइ गर्ने अवसरबाट आशिषित मात्रै गर्नुभएन तर ती देशहरूमा परमेश्वरका केही सेवकहरूसँग अन्तिमसम्म रहने मित्रता पनि निर्माण गर्न अनुमति दिनुभयो- मित्रता, आजको दिनसम्म निरन्तर छ।

त्यस समयदेखि दक्षिण अफ्रिका, अमेरिका, बेलायत, स्कटल्याण्ड, फ्रान्स, जर्मनी, स्वीटजरल्याण्ड, क्यानाडा, अस्ट्रेलिया र श्रीलङ्काजस्ता देशमा परमप्रभुको वचन प्रचार गर्न मलाई सक्षम बनाउँदै परमप्रभुले मेरो सेवकाइलाई बिस्तार गर्नुभयो। येशू ख्रीष्टद्वारा मुक्तिको सन्देश हजारौंले सुने।

आज, मैले विभिन्न देशहरूमा सेवकाइ गर्न असंख्य निम्तोहरू प्राप्त गर्छु तर ती सबै स्वीकार गर्न मसँग समयको अभाव छ। मेरो जीवनमा परमेश्वरको आशिष् यस्तो रहेको छ।

प्रिय पाठकहरू, मैले सेवा गरेको प्रभु येशू ख्रीष्ट साँचो परमेश्वर हुनुहुन्छ। उहाँ नै बाटो, सत्य र जीवन हुनुहुन्छ। उहाँमा आफ्नो जीवन समर्पण गर्नुहोस्। उहाँको सेवा गर्न तपाईंलाई बोलाइएको महसुस गर्नुहुन्छ भने विश्वास अघि बढ्नुहोस्। उहाँले तपाईंले असामान्य तरिकामा निर्देशित गर्नुहुनेछ र तपाईंलाई प्रशस्त आशिष् दिनुहुनेछ।

**जसले चट्टानलाई पानीको तालमा र ढुङ्गेनी पहाडलाई पानीको स्रोतमा परिवर्तन गर्नुभयो** (भजनसंग्रह ११४:८)।

*************

....Contd. from page 6

ठुटाबाट टुसा । कुनै पनि अस्तित्व नभएको कुराबाट उहाँले अस्तित्वमा थोकहरूलाई ल्याउनुहुन्छ । रोमी ४:१७ ले घोषणा गर्दछ: **...उहाँले मरेकाहरूलाई पनि जीवन दिनुहुन्छ र अस्तित्वमा नभएका थोकहरूलाई बोलाई** अस्तित्वमा **ल्याउनुहुन्छ ।**

उहाँले **हामीभित्र काम** गर्ने **उहाँको** शक्ति**अनु**सार हामीले **मागेको** वा **चिताएको भन्दा ज्यादै प्रशस्त** मात्रामा **गर्न सक्नुहुन्छ** (एफिसी ३:२०) ।

आशा नगुमाउनुहोस् । नयाँ सुरुवातले तपाईंलाई पर्खिरहेको छ । तपाईंले विश्वास गर्नुहुन्छ भने तपाईंले परमेश्वरको महिमा देख्नुहुनेछ । उहाँमा भरोसा गर्नुहोस् किनकि परमेश्वर सीमित हुनुहुन्न । असम्भव देखिने चुनौतिहरू हामीले सामना गर्नुपरे पनि उहाँ असम्भव काम गर्न सक्षम हुनुहुन्छ ।

## ५. साँचो दाखको बोट
## 5. THE TRUE VINE!

साँचो दाखको बोट येशू ख्रीष्टले हामीलाई परमेश्वरको महिमाको निम्ति फल फलाउन र प्रशस्त मात्रामा जीवन सक्षम बनाउनुहुन्छ । फलवन्त हुनको निम्ति हामी उहाँमा निर्भर रहनुपर्छ । येशू ख्रीष्ट यस संसारमा आउनुभयो ताकि हामी परमेश्वरका सन्तान बन्न सकौं र उहाँको राज्यको निम्ति



Those who abide in Him bear much fruit, glorifying the Father

फल फलाउन सकौं । **उहाँबिना हामीले केही पनि गर्न सक्दैनौं** (यूहन्ना १५:५) ।

हाँगाले फलवन्त, वृद्धि र प्रशस्ततालाई इंगीत गर्दछ । येशू ख्रीष्टको चेलाहरूको रूपमा हामीलाई फल फलाउन बोलाइएको छ ताकि स्वर्गमा हुनुहुने पिता महिमित हुनुभएको होस् । येशू साँचो दाखको बोट हुनुहुन्ट र चेलाहरू हाँगाहरू हुन् भनेर येशू ख्रीष्टले आफ्ना चेलाहरूलाई बताउनुभयो । उहाँले तिनीहरूलाई उहाँमा रहन उत्साह दिनुभयो किनकि उहाँबिना तिनीहरूले केही पनि गर्न सक्दैनन् । उहाँमा रहनेहरूले धेरै फल फलाउँछन्, पितालाई महिमा दिन्छन् (यूहन्ना १५) ।

यस सत्यताले प्रत्यक्ष रूपमा साँचो दाखको बोट येशू ख्रीष्टमा निर्भर रहेर वृद्धि र फलवन्तको विचारलाई प्रतिबिम्बित गर्दछ ।

मेरो प्रार्थना यही नै छ कि जब तपाईंले यशैया ११:१ मा मनन गर्नुहुन्छ, परमेश्वरले तपाईंको जीवन, तपाईंको परिवार, तपाईंको सेवकाइ र तपाईंको काम गर्ने स्थानमा नयाँ टुसा ल्याउनुहुनेछ । यो सानो तर महत्वपूर्ण टुसाले रूपान्तरण र नवीकरण ल्याउनेछ ।

यो वर्ष तपाईंको जीवनमा यो नयाँ सुरुवातले जरा गाडेको होस् भनेर म प्रार्थना गर्दछु । तपाईंले सारा आशाको स्रोतमा भरोसा गर्नुभएको होस्, जसले हरेक हानिलाई पुनर्स्थापित गर्नुहुन्छ र खरानीबाट सुन्दर थोक ल्याउनुहुन्छ । उहाँ पुनर्स्थापनाको परमेश्वर हुनुहुन्छ, जसले नयाँ सुरुवातको ढोकाहरू खोल्नुहुन्छ ।

तपाईंको जीवनको हरेक क्षेत्रमा यो वर्ष नवीकरण र फलवन्तको वर्ष हुनेछ भनेर म प्रार्थना गर्दछु । जसै तपाईं उहाँमा रहनुहुन्छ, तपाईंले गुणात्मक वृद्धि, वृद्धि र प्रशस्तता अनुभव गर्नुभएको होस् । उहाँमा भरोसा गर्नुहोस् र पितालाई महिमा गर्दै तपाईंले धेरै फल फलाउनुहुनेछ ।

************


## तुरुन्तै आवश्यकता

बोलावटको प्रतिध्वनि तीव्र गतिमा बिस्तार भइरहेको छ । हामीलाई मिसनमा केन्द्रित, समर्पित र विश्वासयोग्य पुरुष र महिला आवेदकहरू निम्न पदहरूका निम्ति आवश्यक रहेको छ:

- हाम्रो मुख्य मण्डलीको निम्ति पूर्णकालीन सहपास्टरहरू
- चेन्नाइमा हाम्रा शाखा मण्डलीहरूका निम्ति पूर्णकालीन सहपास्टरहरू
- पूर्णकालीन सुरक्षाकर्मीहरू
- डिटिपी अपरेटरहरू र टाइपिस्टहरू
- अंग्रेजी र अन्य भाषाहरूमा राम्ररी बोल्ने र लेख्ने
- प्रशासनमा रुचि राख्ने कार्यालय व्यवस्थापकहरू
- पूर्णकालीन बाइबल कलेजका प्राध्यापकहरू
- पूर्णकालीन चालकहरू
- मेट्रिकुलेसन स्कुलको निम्ति प्रधानाध्यापक र शिक्षकहरू
- पूर्णकालीन पकाउनेहरू (महिला)
- पूर्णकालीन हाउसकिपिङ कर्मचारीहरू

तलब अनुभव र योग्यताको आधारमा हुनेछ

Please Contact ECHO OF HIS CALL office
यहाँ आवेदन दिनुहोस्:
ह्वाटसएप नम्बर : 98412 71858
इमेल : sam@echoofhiscall.org

RNI NO. TNNEP/2000/2841, Postal Regn. No. TN/CH/(C)/194/24-26 WPP NO. TN/PMG(CCR)/WPP-220/24-26

## Echo of His Call

**YouTube**
**Please subscribe**

Kindly view and subscribe our Echo of His Call YouTube Channel when you get time. Thanks.
- Editor

## OUR BANK DETAILS:

### 1. Bank : State Bank of India

Branch : Triplicane, Chennai-5
Name : S. Sam Selva Raj
A/C No. : 1023 2934 679
IFSC : SBIN 00 00 249
SWIFT CODE : SBI NIN BB 455

### 2. Bank : ICICI Bank

Branch : Anna Salai, Chennai-6
Name : Echo of His Call
A/C No. : 6038 0502 2319
IFSC : ICIC 000 6038

### 3. Bank : State Bank of India

(This Account is for Tax Exemption for Indians only )

Branch : Triplicane, Chennai-5
Name : Echo of His Call Educational Trust
A/C No. : 1023 2923 805
IFSC : SBIN 00 00 249

Google Pay: 98410 71858
PayPal : SAM SELVA RAJ
*****
E.mail : sam@echoofhiscall.org

# ECHO OF HIS CALL

Monthly magazines in 16 languages, Bible Colleges, Postal Courses, Church Planting, Village English High School, Gospel Printing Press, Crusades, Seminars, Social Services, etc.

Annual Subscription : Rs. 100/- Life Subscription : Rs. 2000/-

The multifarious activities of **Echo of His Call Ministries** are supported by the free-will offerings and donations of God's children like you. You may support **Echo of His Call** and its activities as the Lord leads you. We need your help to send forth the Gospel to the unreached people and plant Churches.

If you would like to receive **ECHO OF HIS CALL** magazines regularly, please write to us with your e.mail Id and Cell Phone number. Whenever you change your postal or e.mail addresses, please do inform us your old and new addresses.

**Echo of His Call** is available in 16 languages in our website also. You can read them by going into the site as well as downloading them and get blessed.

Your letters, prayer requests and your financial helps (**Money Orders, Cheques or Demand Drafts, NEFT, PayPal (Sam Selva Raj, sam@echoofhiscall.org) PhonePe (98410 71858), Gpay (98410 71858), Western Union, MoneyGram, etc.**) to **ECHO OF HIS CALL** may please be sent to the address below.

Please send your **Land Phone / Mobile Phone Numbers and E.mail addresses** for updation.

Our address :

**ECHO OF HIS CALL**
10, MOHAMMED ABDULLAH 2ND STREET, CHEPAUK, CHENNAI - 600 005, INDIA
PH: (+91-44) 2852 8282, 2852 9293, 2854 7766/ Cell: (+91) 98410 71852, 95661 31858 / E.mails: sam@echoofhiscall.org / biblecor@yahoo.co.in
Websites: www.echoofhiscall.org / www.stpaulsmatriculation.com

**YOU CAN SEND YOUR DONATION ONLINE ALSO**

RNI NO. TNNEP/2000/2841
Postal Regn. No. TN/CH/(C)/194/24-26
WPP NO. TN/PMG(CCR) / WPP- 220/24-26
Date of Publication: Third week of every month
Date of Posting : 15th & 16th of every month
Posted at "Egmore RMS / 1 Patrika Channel"
on 17th MARCH 2025.

If un-delivered please return to:
**ECHO OF HIS CALL (NEPALI)**
P.O. Box No. 2957,
Chepauk, Chennai - 600 005, INDIA.
Phone: (+ 91- 44) 2852 8282, 2852 9293, 2854 7766

## JESUS LOVES YOU!

To

*GOD BLESS YOU!*

Owned and published by S. Sam Selva Raj from New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005 and printed by S. Sam Selva Raj at Echo of His Call Printers, New No. 8 & 10, Old No.18 & 19, Mohammed Abdullah 2nd Street, Chepauk, Chennai-600 005. Editor: S. Sam Selva Raj.